# हेलम्बु राजपत्र

## हेलम्बु गाउँपालिकाद्वारा प्रकाशित

**खण्डः ५) सिन्धुपाल्चोक, असार १ गते, २०८० साल (संख्याः ७)**

# भाग - २

स्थानीय सरकार

हेलम्बु गाउँपालिकाको

**सूचना**

हेलम्बु गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# हेलम्बु गाउँपालिकाको होमस्टे (घरबास) सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

**प्रस्तवनाः**

हेलम्बु गाउँपालिका क्षेत्र भित्रको ग्रामिण तथा शहरी क्षेत्रमा वसोवास गर्ने सर्वसाधारणहरुमा स्वरोजगारका अवसर सिर्जना गरी ग्रामिण अर्थतन्त्रमा सुधार गर्दै समुदायको जीवनस्तर उकास्न तथा ग्रामिण दिगो पर्यटनको विकास प्रवर्द्धन र व्यवस्थापन गर्नुको साथै पिछडिएका लक्षित समूदायलाई आयजार्जन तथा रोजगारीको सृजना गर्नु यसको मूल उद्देश्य रहेको छ। देशका दुरदराजमा रहेका वा आर्थिक, सामाजिक, शैक्षिक, विकासबाट पछाडि रहेका स्थानहरुको विकास प्रवर्द्धन र समृद्धिको औजारको रुपमा होमस्टेको विस्तार गर्न आवश्यक ठानिएको छ। स्थानीय मानिसहरुको प्रत्यक्ष र अप्रत्यक्ष सहभागिता हुनेगरी होमस्टेको माध्यमबाट व्यवसाय सञ्चालन गरी आयस्तरमा आमुल परिवर्तन गर्न वाञ्छनीय भएकोले,

हेलम्बु गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिलाई “हेलम्बु गाउँपालिकाको होमस्टे (घरबास) सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०” भनिनेछ ।

(२) हेलम्बु गाउँ कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ।

२. **परिभाषाः** (१) विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. “कार्यविधि” भन्नाले “हेलम्बु गाउँपालिकाको होमस्टे (घरबास) सञ्चालन कार्यविधि, २०८०” लाई सम्झनु पर्नेछ।

ख. “होमस्टे” (घरबास) भन्नाले पर्यटकलाई आफ्नै घर समुदायमा आवास, खाना तथा अन्य पर्यटकिय सेवा प्रदान गर्ने उद्देश्यले निजि वा सामुदायिक रुपमा सञ्चालन गरिएको घरवास सेवा सम्झनु पर्नेछ।

ग. “सामुदायिक होमस्टे (घरबास)” भन्नाले ग्रामिण तथा शहरी क्षेत्रमा कम्तीमा पाँच वटा अलग-अलग स्वामित्व भएका घरधनीले सामुहिक रुपमा व्यवस्थापन गरि सञ्चालन गरिएको होमस्टे (घरबास)लाई सामुदायिक होमस्टे सम्झनु पर्नेछ।

घ. "निजी होमस्टे (घरबास)" भन्नाले ग्रामिण तथा शहरी क्षेत्रमा एकल रुपमा दर्ता गरी निजी स्तरमा सञ्चालित होमस्टेलाई निजी होमस्टे सम्झनु पर्नेछ।

ङ. "गाउँपालिका" भन्नाले हेलम्बु गाउँपालिका सम्झनु पर्नेछ।

च. "कार्यपालिका" भन्नाले हेलम्बु गाउँपालिकाको कार्यपालिका सम्झनु पर्नेछ।

छ. "कार्यालय" भन्नाले हेलम्बु गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्नेछ।

ज. "वडा" भन्नाले हेलम्बु गाउँपालिका अन्तर्गतका ७(सात) वडाहरु सम्झनु पर्नेछ।

झ. "निरीक्षण टोली" भन्नाले दफा ५ को उपदफा (२) बमोजिम गठन गरिएको निरीक्षण टोलीलाई सम्झनु पर्नेछ।

ञ. "व्यवस्थापन तथा सञ्चालन समिति" भन्नाले दफा ९ बमोजिम गठन गरिएको व्यवस्थापन तथा सञ्चालन समितिलाई सम्झनु पर्नेछ।

ट. "समन्वय समिति" भन्नाले दफा १० बमोजिम गठक गरिएको समन्वय समितिलाई सम्झनु पर्नेछ।

ठ. "अध्यक्ष" भन्नाले हेलम्बु गाउँपालिकाको अध्यक्ष सम्झनु पर्नेछ।

ड. "उपाध्यक्ष" भन्नाले हेलम्बु गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्नेछ।

ढ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्नेछ।

## परिच्छेद-२
## उद्देश्य

**३. उद्देश्यः** (१) यस कार्यविधिको देहाय बमोजिमको उद्देश्य हुनेछनः

क. होमस्टे सञ्चालन गरी पर्यटन क्षेत्रको प्रतिफल ग्रामीण समुदाय, पिछडिएका जनजाती तथा आदिवासी समुदायमा पुऱ्याउने।

ख. ग्रामीण क्षेत्रका जनतालाई पर्यटन व्यवसाय तथा सेवामा उन्मुख गराउने।

ग. ग्रामीण तथा शहरी स्थानीय समुदायको आयश्रोत वृद्धि गरी जीवनस्तर सुधार्ने।

घ. होमस्टेमा आवास र खाने सुविधा मात्र नभै पर्यटकलाई सुलभ, सरल र सहज वातावरणमा स्थानीय जनजीवन, स्थानीय परिकार, रितीरिवाज, कला संस्कृति रहनसहन, स्थानीय पर्यटकिय क्षेत्र आदिको बारेमा अनुभव हासिल गर्ने मौका प्रदान गर्ने।

ङ. ग्रामीण पर्यटनमा रमाउने पर्यटकलाई सहज बसोवासको व्यवस्थापन गरी गाउँका ऐतिहासिक, धार्मिक र रमणीय स्थानको बारेमा जानकारी दिने।

च. फोहोर मैलाको उचित व्यवस्थापन गरी स्वच्छ गाउँ तथा शहरको निर्माण गर्ने।

छ. गाउँका युवा तथा युवतीहरुलाई गाउँमा नै स्वरोजगार सिर्जना हुने खालको कार्यहरु जस्तै प्रकृति पथप्रदर्शक, हस्तकला, अर्गानिक खेतीमा उन्मुख गराउने साथै उत्पादनमूलक तालिम प्रदान गर्ने।

ज. समुदायमा संग्रहालय तथा साँस्कृतिक घरको निर्माण गरी पर्यटकलाई आकर्षित गर्ने वातावरण सिर्जना गर्ने।

झ. स्थानीय पर्यटकिय वस्तुहरुको पहिचान तथा संरक्षण गर्ने।

ञ. जातिय पहिचानको संरक्षण तथा प्रवर्द्धन गर्ने।

ट. स्थानीय उत्पादनबाट बन्ने परिकारमा विशेष प्राथामिकता दिने।

ठ. कृषि तथा होमस्टेलाई एकसाथ प्राथामिकतामा राखि कार्यक्रम अघि बढाउने।

ड. वातावरणमैत्री बनाउन आवश्यक पहल गर्ने।

ढ. शान्ति सुरक्षा सम्बन्धी व्यवस्थापन मिलाउने।

## परिच्छेद-३

## वर्गीकरण, दर्ता, नवीकरण र मापदण्ड

४. **होमस्टेको वर्गीकरणः** व्यवस्थापनको दृष्टीकोणवाट होमस्टेलाई दुई भागमा बिभाजन गर्न सकिन्छ।

क. **सामुदायिक होमस्टेः** यस कार्यविधिको अनुसूची-२ मा उल्लेखित मापदण्ड पूरा गरी अलग अलग स्वामित्व भएका कम्तीमा पाँच वटा घरधनीले सामुहिक व्यवस्थापन गरी सञ्चालन गरेको होमस्टेलाई सामुदायिक होमस्टे मानिन्छ।

ख. **निजी होमस्टेः** कुनै व्यक्तिले एकल रुपमा दर्ता गरी निजीस्तरमा सञ्चालित होमस्टेलाई निजी होमस्टे मानिन्छ।

५. **दर्ताका लागि निवेदन दिनेः** (१) होमस्टे सञ्चालन गर्न चाहने व्यक्ति वा समुदायले देहाय बमोजिमका कागजात र निवेदन दस्तुर सहित अनुसूची-१ बमोजिमको ढाँचामा कार्यालयमा निवेदन दिनु पर्नेछ।

क. **सामुदायिक होमस्टेका लागि :**

(१) कम्तीमा पाँच जना घरधनीले आ-आफ्नो घरमा सामूहिक रुपमा होमस्टे सञ्चालन गर्न सहमत भएको लिखित प्रतिवद्धता पत्र,

(२) होमस्टे सञ्चालकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि, जग्गा धनी प्रमाण पूर्जा वा पैतृक सम्पत्ति यकिन हुने प्रमाण वा मञ्जुरीनामा,

(३) शहरी क्षेत्रभित्र भएमा नक्सापासको प्रतिलिपि,

(४) वडा कार्यालयको सिफारिस पत्र,

(५) अन्य तोकिए बमोजिम।

ख. **निजी होमस्टेका लागि :**

(१) होमस्टे सञ्चालकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(२) जग्गा धनी प्रमाण पूर्जा वा पैतृक सम्पत्ति यकिन हुने प्रमाण वा मञ्जुरीनामा वा यदी भाडाको जग्गामा सञ्चालन गर्ने भए कम्तिमा १० (दश) वर्षको जग्गा भाडा सम्झौताको प्रतिलिपि,

(३) शहरी क्षेत्रभित्र भएमा नक्सापासको प्रतिलिपि,

(४) वडा कार्यालयको सिफारिस पत्र,

(५) अन्य तोकिए बमोजिम।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि देहाय बमोजिमको पाँच सदस्यीय निरीक्षण टोली गठन गरी उक्त टोलीले अनुसूची-२ बमोजिमको मापदण्ड पुरा भए नभएको बारेमा १(एक) महिना भित्र प्रतिवेदन पेश गर्नेछ।

<u>निरीक्षण टोली:</u>

| | |
|---|---|
| क. सम्बन्धित वडाको वडाध्यक्ष | - संयोजक |
| ख. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी | - सदस्य |
| ग. होमस्टे व्यवस्थापन तथा सञ्चालन समितिको प्रतिनिधि | - सदस्य |
| घ. पर्यटन विज्ञ | - सदस्य |
| ङ. सम्बन्धित वडाको वडा सचिव | - सदस्य सचिव |

(३) उपदफा (२) बमोजिमको निरीक्षणवाट तोकिएको मापदण्ड पूरा भएको प्रतिवेदन प्राप्त भएमा गाउँ कार्यपालिकाको कार्यालयले तोकिएको शुल्क लिई अनुसूची-३ को ढाँचामा अभिलेख राखी अनुसूची-४ बमोजिमको ढाँचामा तोकिएको अधिकारीबाट होमस्टे सञ्चालनको प्रमाणपत्र दिनु पर्नेछ।

(४) मापदण्ड पूरा नगरेका होमस्टेको हकमा निरीक्षण टोलीको प्रतिवेदन अनुसार आवश्यक सुधार गर्ने समय दिइनेछ र पुनः स्थलगत निरीक्षण गरी उपदफा (३) बमोजिम दर्ता प्रमाणपत्र दिनु पर्नेछ।

६. **होमस्टे दर्ताका लागि न्यूनतम मापदण्डहरुः** (१) होमस्टे दर्ताका लागि देहाय बमोजिमको न्यूनतम मापदण्ड पूरा गर्नु पर्नेछः

क. पाहुनाको लागि हरेक घरमा कम्तीमा एक कोठा र दुई बेड भएको हुनुपर्ने र बढीमा चारकोठा र आठ बेड मात्र राख्न पाईने,

ख. शौचालय र स्नानगृहको अनिवार्य व्यवस्था भएको हुनुपर्ने,

ग. घरायसी र वातावरणीय सरसफाइको राम्रो व्यवस्था हुनु पर्नेछ साथै कुहिने तथा नकुहिने फोहरहरुको छुटाछुट्टै व्यवस्थापन गर्ने व्यवस्था भएको हुनुपर्ने,

घ. सेवा, सुविधा र गुणस्तरका आधारमा खानपानका वस्तुहरु र आवासको आधारमा औचित्यपूर्ण मूल्य सहितको मेनुको व्यवस्था भएको हुनुपर्ने,

ङ. संचारका न्युनतम सुविधाहरु जस्तै टेलिफोन वा ईन्टरनेटको व्यवस्था भएको हुनुपर्ने, (सम्भव भएसम्म)

(२) होमस्टे दर्ताको लागि आवश्यक अन्य मापदण्ड अनुसूची-२ बमोजिम हुनेछ।

७. **होमस्टेले दर्ता पश्चात पुरा गर्नुपर्ने अन्य मापदण्डहरुः** होमस्टे सञ्चालकले दर्ता पश्चात पुरा गर्नुपर्ने अन्य मापदण्डहरु देहाय बमोजिम हुनेछनः

क. सुरक्षा निकायसँग समन्वय गरी पर्यटक सुरक्षाको व्यवस्था मिलाउनु पर्ने,

ख. पर्यटकको स्वास्थ्य स्थितिको पूर्व जानकारी लिई सोही बमोजिमको खानपानको व्यवस्था गर्नु पर्ने तथा पर्यटक बिरामी भएमा स्थानीय स्वास्थ्य चौकी वा अस्पतालसँग समन्वयकारी भूमिका निर्वाह गर्ने,

ग. सामुदायिक होमस्टेको लागि कम्तिमा एक सामुदायिक भवन वा हलको व्यवस्था हुनु पर्ने,

घ. हरेक वर्ष लेखा परीक्षण गराउने र पर्यटकको तथ्यांक व्यवस्थित गरी राखु पर्ने,

ङ. प्रत्येक वर्ष पौष मसान्तसम्म आन्तरिक राजश्व बिभाग अन्तर्गतका कार्यालयवाट कर चुक्ता गर्नु पर्ने,

च. हाल सञ्चालित सङ्घीय सरकारका विभिन्न निकायमा दर्ता भएका होमस्टेहरु समेत कर चुक्ता गरी अन्य आवश्यक विवरण सहित गाउँपालिकामा दर्ता गर्नु पर्ने,

छ. होमस्टेको वार्षिक प्रतिवेदन र आर्थिक प्रतिवेदन गाउँपालिकाको सम्बन्धित शाखामा पेश गर्नुपर्ने,

ज. होमस्टेमा आउने पर्यटकलाई सम्भव भएसम्म प्राकृतिक चिकित्सा लगायत अन्य गतिविधिहरु सञ्चालन गरी बसाईका दिन लम्ब्याउन पहल गर्नु पर्ने,

झ. होमस्टेको मुल मर्म विपरित वा होटेल लजको आकारमा चलेको पाइएमा उक्त होमस्टे खारेज हुने भएकोले त्यस्ता होटेल व्यवसायी यथाशीघ्र कम्पनिको रुपमा दर्ता हुनुपर्ने।

८. **नवीकरणः** (१) सामुदायिक तथा निजी होमस्टेका सञ्चालकले देहाय बमोजिमको कागजात संलग्न गरी प्रत्येक आ.व. समप्त भएको ३(तीन) महिना भित्र नविकरणको लागि कार्यालयमा निवेदन दिनु पर्नेछ ।

क. नवीकरण अवधिसम्मको लेखा परीक्षण प्रतिवेदन, प्रगती प्रतिवेदन र होमस्टेले पर्यटकलाई प्रदान गरेको सेवाको विवरण,

ख. सामुदायिक होमस्टेको हकमा होमस्टे व्यवस्थापन तथा संचालक समितिको प्रगति प्रतिवेदन (पर्यटन पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरेको भए सो को समेत प्रगति विवरण),

ग. सामुदायिक होमस्टेको हकमा माथिको विवरण सहित व्यवस्थापन समितिको निर्णयको प्रतिलिपी।

(२) उपदफा (१) बमोजिम नवीकरणको लागि निवेदन पर्न आएमा गाउँपालिका कार्यपालिकाको कार्यालयले होमस्टेको निरीक्षण गरी मापदण्ड पूरा भएकाको हकमा होमस्टेको नवीकरण गर्नेछ र पूरा नभएका होमस्टेको नवीकरण हुने छैन।

९. **नवीकरण शुल्कः** सामुदायिक तथा निजी होमस्टेको नवीकरण गाउँपालिकाले सालवसाली तयार गर्ने आर्थिक ऐनमा तोकिए बमोजिमको शुल्क लाग्ने छ।

१०. **होमस्टेका मुख्य पर्यटकीय क्रियाकलापः** होमस्टेको मुख्य क्रियाकलाप देहाय बमोजिमको हुनेछः

क. होमस्टे संञ्चालकले मनोरञ्जनका लागि पाहुनाको चाहना अनुसार स्थानीय क्षेत्रमा सञ्चालन हुने सांस्कृतिक कार्यक्रम र परम्परागत खेलमा सहभागी गराउने,

ख. पाहुनाको चाहना अनुसार उपलब्ध हुने क्षेत्रमा जंगल, ट्रेक, इकोट्रेक, कृषि फार्म अवलोकन, अध्ययन तथा सिकाई केन्द्र, संग्रहालय, दृश्यावलोकन, गाउँ अवलोकन आदि जस्ता मुख्य पर्यटकीय क्रियाकलापको व्यवस्था गर्नु पर्नेछ।

ग. स्थानीय प्रचलन अनुसार फूलमाला वा अन्य स्थानीयवस्तुका साथ पर्यटकलाई स्वागतको व्यवस्था गर्ने,

घ. पर्यटकहरुलाई सामुदायिक भवन वा खुला ठाउँमा मौलिक परम्परा वा संस्कृतिमा आधारित सांस्कृतिक कार्यक्रमहरुको प्रस्तुती, मेला, जात्रा जस्ता गतिविधीहरु आयोजना गरी सहभागी गराउने साथै पर्यटकको इच्छा अनुसार वरिपरि रहेका धार्मिक स्थालहरुको भ्रमण गराउने तथा आवश्यक परेमा गाइडको समेत व्यवस्था मिलाउने,

ङ. सांस्कृतिक सम्पदा, संग्रहालय, घरेलु तथा हस्तकला सामाग्री उत्पादन केन्द्र, रमणीय क्षेत्रको दृश्यावलोकन, झरना, ताल, जंगल, वन्यजन्तु, पुतली तथा चरा अवलोकन आदिको व्यवस्था गर्ने,

च. स्थानीय कृषि, घरेलु तथा हस्तकला प्राविधिमा सहभागी गराई पर्यटक तथा स्थानीय जनता बिच जीवनशैली, कला संस्कृति, भेषभुषा आदि बिषयमा अवलोकन, अनुभव तथा ज्ञानको आदान प्रदान गराउने,

छ. होमस्टेमा बस्ने पर्यटकहरुलाई गाउँघरमा उत्पादित स्थानीय तथा प्राङ्गारिक खाना खुवाई फरकपनको अनुभूति दिने,

ज. पर्यटकलाई होमस्टेमा रहँदा उत्कृष्ट आतिथ्यता सहित पारिवारिक वातावरणमा बसिरहेको अनुभव दिलाउने,

झ. स्थानीय उत्पादन र संस्कृति झल्कने मायाको चिनो र फुल माला सहित पर्यटकलाई विदाई गर्ने,

ञ. पाहुनाको तथ्याङ्क राख्नुका साथै पर्यटक होमस्टेबाट बिदाई भएपछि एकपटक उनीहरु गन्तव्यमा पुगे नपुगेको जानकारी लिने।

## परिच्छेद- ४

## समितिको गठन तथा काम, कर्तव्य र अधिकार

११. **होमस्टे व्यवस्थापन तथा सञ्चालन समितिः** (१) सामुदायिक होमस्टे सञ्चालन गर्नका लागि सञ्चालकले साधारण सभा वा भेला गरी देहाय बमोजिमको होमस्टे व्यवस्थापन तथा सञ्चालन समिति गठन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम समिति गठन गर्दा उक्त स्थानमा बसोवास गर्ने वा सञ्चालकहरुको सर्वसम्मती वा बहुमतबाट ५ देखी ९ सदस्य सञ्चालक समिति चयन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सञ्चालक समिति चयन गर्दा अध्यक्ष, कोषाध्यक्ष वा सचिव मध्येवाट एक जना महिला अनिवार्य हुनुपर्ने र जम्मा कार्यसमितीको कम्तीमा ३३ प्रतिशत महिला हुनुपर्नेछ।

(४) होमस्टेमा सहभागी हुने घर संख्याको आधारमा समावेशी हुने गरी समुदायले थप सदस्यको चयन गर्न सक्नेछ। उक्त समूदायमा सञ्चालन हुने थप होमस्टे सञ्चालकहरू स्वतः साधारण सदस्य हुनेछन।

१२. **होमस्टे व्यवस्थापन तथा सञ्चालन समितिको काम, कर्तव्य र अधिकारः** होमस्टे व्यवस्थापन तथा सञ्चालन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क. पर्यटकीय क्रियाकलापहरु र पर्यटक र सञ्चालकहरूले पालना गर्नुपर्ने आचारसंहिताको बारेमा जानकारी गराउने।

ख. आगन्तुक पाहुनाको स्वागत तथा आवासको व्यवस्था मिलाउने,

ग. पाहुनाको दर्ता तथा रेकर्डको व्यवस्था गर्ने,

घ. आय-व्ययको श्रेस्ता व्यवस्थित र दुरुस्त राख्ने,

ङ. प्रत्येक होमस्टे क्षेत्रको सरसफाई तथा अन्य व्यवस्थापन पक्षको नियमित अनुगमन गर्ने,

च. स्थानीय पर्यटन प्याकेजहरुको निर्माण र प्रचार प्रसार गर्ने,

छ. स्थानीय प्रविधी, ज्ञान सिप, वातावरण, परम्परा, शैली, भेषभूषा, कला तथा संस्कृतिको खोजी तथा संरक्षण गर्ने,

ज. नेपाली सांस्कृतिक कार्यक्रमहरुको प्रदर्शन/व्यवस्थापन गर्ने,

झ. पाहुनाको स्वास्थ्योपचार तथा अन्य आकस्मिक सेवाको व्यवस्थापन र समन्वय गर्ने,

ञ. होमस्टे जाने पथचिन्ह (साइनेज) तथा लोकेसन म्याप तयार गरी आवश्यक स्थानमा राख्ने,

ट. पर्यटक आवास गृहमा उपलब्ध हुने सेवा, सुविधाको गुणस्तरका आधारमा मेनु/मुल्य निर्धारणमा एकरुपता कायम गर्ने साथै प्रत्येक होमस्टे सञ्चालकको घरमा देहाय बमोजिमको संक्षिप्त विवरण सहीतको बोर्ड राख्न लगाउने

१. होमस्टेको नामः

२. दर्ता नं.

३. फोन नं.

४. इमेलः

ठ. प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३५(पैंतीस) दिन भित्र अनुसूची - ५ बमोजिम पाहुना संख्या, प्रमुख क्रियाकलाप आय तथा ब्यय देखिने बार्षिक प्रतिवेदन गाउँपालिकामा पठाउनु पर्ने,

ड. गाउँपालिका स्तरीय होमस्टे समितिसंग नियमित सम्पर्क र सञ्चार गर्ने,

ढ. अनुसूची-६ बमोजिमको सूचना पाहुनाले देख्ने स्थानमा राख्नु पर्ने,

ण. होमस्टे विकास, प्रवर्द्धन तथा व्यवस्थापनका लागि अध्ययन, अवलोकन भ्रमण जस्ता कार्य गर्ने,

त. कुनै निकायवाट प्राप्त भएको सहयोग उपयुक्त ठाउँमा लगानी गर्ने,

थ. विभिन्न निकायहरुको समन्वयमा होमस्टे, पथप्रदर्शक, फोहरमैला व्यवस्थापन जस्ता तालिमहरुको आयोजना गर्ने,

द. होमस्टेको विकास, प्रवर्द्धन तथा व्यवस्थापनका लागि आवश्यक अन्य कार्यहरु गर्ने।

१३. **गाउँपालिका स्तरीय होमस्टे समन्वय समितिः** (१) गाउँपालिकाले होमस्टेको माध्यमबाट पर्यटन विकास, प्रवर्द्धन र समन्वय गर्नका लागि एक होमस्टे समन्वय समितिको गठन गर्न सक्नेछ।

(२) गाउँपालिकाको अध्यक्ष वा निजले तोकेको कार्यपालिका सदस्यको संयोजकत्वमा सामुदायिक होमस्टे सञ्चालक प्रतिनिधि, निजी पर्यटन व्यवसायी, पर्यटन विद् र आवश्यक विषयगत शाखाका कर्मचारीहरु प्रतिनिधि रहने गरी ५ देखि ७ जना सम्मको गाउँपालिका स्तरिय होमस्टे समन्वय समिति गठन गर्न सकिनेछ।

**१४. गाउँपालिका स्तरीय होमस्टे समन्वय समितिको काम, कर्तव्य र अधिकारः** गाउँपालिका स्तरीय होमस्टे समन्वय समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

क. होमस्टे व्यवस्थापन समितिहरु बिच समन्वय र सहजीकरण गर्ने,

ख. पूर्वाधार विकास र क्षमता अभिबृद्धि सम्बन्धी कार्य गर्ने,

ग. आकस्मिक स्वास्थ्य सम्बन्धी सहयोग र समन्वय गर्ने,

घ. सम्भाब्य पर्यटकीय सम्पदाहरुको विवरण तयार गर्ने,

ङ. पर्यटकको संचार तथा सुरक्षामा समस्या देखिएमा सहयोग गर्ने,

च. पर्यटन सूचना केन्द्रको स्थापना गर्ने र अभिलेख व्यवस्थित गर्ने,

छ. स्थानीय कृषि उत्पादन प्रयोग गर्ने तथा प्राङ्गारिक कृषि प्रवर्द्धन गर्न स्थानीय कृषि जैविक प्रविधिमा सहयोग पुऱ्याउने,

ज. वार्षिक प्रतिवेदन तयार गरि गाउँपालिकाको सम्बन्धित शाखामा पेश गर्ने ।

## परिच्छेद- ५

## अनुगमन तथा निरीक्षण

**१५. अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्थाः** (१) संघ, प्रदेश, गाउँपालिका वा अन्य तोकिएको निकायले आवश्यकतानुसार समय समयमा होमस्टे व्यवस्थापन तथा सञ्चालन समितिका कार्यहरु तथा प्रत्येक होमस्टेको अनुगमन तथा निरीक्षण गर्न सक्नेछ।

(२) तोकिएको निकायवाट हुने अनुगमन तथा निरीक्षणका क्रममा तोकिएको मापदण्ड पूरा नगर्ने होमस्टेलाई मनासिव माफिकको म्याद दिई मापदण्ड पूरा गर्न लगाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र पनि मापदण्ड कायम गर्न नसकेका होमस्टेलाई निलम्बन वा खारेज गर्न सक्नेछ।

(४) स्विकृत कार्यक्रम तथा बजेट अनुसारको कामको कार्यान्वयनको क्रममा र कार्य सम्पन्न भएपछि सम्बन्धित निकायवाट अनुगमन तथा निरीक्षणको काम हुनेछ।

(५) कुनै होमस्टे सञ्चालकले मापदण्ड पालना नगरेको वा सो सम्बन्धी गुनासो आएमा पालिकाबाट कुनै पनि समयमा निरीक्षण गरी आवस्यक निर्देशन दिन सकिनेछ। सो निर्देशनको पालना गर्नु होमस्टे सञ्चालकको कर्तब्य हुनेछ।

(६) होमस्टेको सञ्चालकहरू अवाञ्छनिय गतिविधिमा संलग्न भएको पाइएमा उक्त होमस्टेको कानुन बमोजिम कारवाही सहित दर्ता खारेजी हुनेछ।

## परिच्छेद ६

## विविध

**१६. प्रचार प्रसार तथा बजारीकरणः** होमस्टेको होर्डिङ्ग बोर्ड, साइनबोर्ड, ब्रोसियर, पोष्टर, सिडी जस्ता प्रचार प्रसारका सामग्रीहरुको उत्पादन, वेवसाइट, पत्रपत्रिका, रेडियो, टेलिभिजन, उत्सव, मेला,

महोत्सव, गैर आवासीय नेपालीसँगको सहकार्य, टुर अपरेटर तथा पत्रकारहरुलाई परिचयात्मक भ्रमण, भ्रमण प्याकेजको निर्माण तथा बिक्री जस्ता कृयाकलापहरु पर्यटन सम्बन्धी स्थानीय कार्यालय तथा संस्था र गाउँपालिकाले निजी क्षेत्रका ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीसँग सहकार्य गरी होमस्टेको प्रचार प्रसार तथा बजारीकरण गर्न सक्नेछ । आवश्यकता अनुसार पर्यटकहरुलाई आकर्षण तथा स्थानिय जानकारीकोलागि वृत्तचित्र समेत तयार गर्न सक्नेछ ।

१७. **पर्यटन पूर्वाधार विकास योजनामा सहयोग सम्बन्धी व्यवस्थाः** होमस्टेमा पर्यटन पूर्वाधार विकास तथा संरक्षण सम्बन्धी योजनामा गाउँपालिकाले आर्थिक तथा प्राविधिक सहयोग गर्न सक्नेछ।

१८. **अन्यः** (१) कुनै उत्सव, धार्मिक मेला हुने स्थान र समयमा आउने पर्यटक, दर्शनार्थी तथा तीर्थालुहरुको वसोवास र खानपीनको बन्दोबस्त मिलाउन होमस्टे सञ्चालनको लागि स्थानीय समुदाय समेतको सहभागितामा अनुरोध भएमा यस कार्यविधिको अन्य व्यवस्थाहरुको अधिनमा रहि सञ्चालन अनुमति दिन सकिनेछ।

(२) होमस्टेमा ट्राभल एजेन्सी मार्फत आउने पर्यटकको बिमा गराउने जिम्मेवारी सम्बन्धित ट्राभल एजेन्सीको हुनेछ। व्यक्तिगत रुपमा आउने पर्यटकको हकमा विमा गर्ने जिम्मेवारी सम्बन्धित पर्यटकको नै हुनेछ।

(३) होमस्टे सञ्चालन गर्ने सञ्चालकले प्रचलित नेपाल कानून बमोजिम नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिएर मात्र विदेशी मुद्राको कारोवार गर्नु पर्नेछ।

(४) होमस्टे सञ्चालन सम्बन्धी आधारभूत तालिम तथा प्रशिक्षणहरु विभिन्न आधिकारीक संस्थावाट प्राप्त गर्न सकिनेछ।

(५) पर्यटकीय गतिविधिमा नै असर पर्ने गरी नाजायज काम (ठगी, चोरी, महिला हिंसा, निकृष्ट बालश्रम, बाल यौनशोषण लगायत सबै खाले बालहिंसा र अमानविय व्यवहार, वन्यजन्तुको शिकार, अवैध वन पैदावरको कारोबार तथा बिक्रिवितरण) गरेको भनी कुनै पर्यटक तथा स्थानीय जनतावाट निवेदन पर्न आई सो कसुर ठहर भएमा वा अनुगमनको क्रममा प्रमाणित भएमा त्यस्तो निजी होमस्टे वा सामुदायिक होमस्टेको सदस्यलाई पुनः होमस्टे सञ्चालन गर्न नपाउने गरी निजको दर्ता खारेज गर्न सकिनेछ।

(६) समय सापेक्ष यस कार्यविधिलाई गाउँपालिकाको कार्यपालिकाले परिमार्जन गर्ने आवश्यकता ठहर गरेमा सहजै गर्न सक्नेछ। जसले गर्दा होमस्टे अझ व्यवस्थित तथा प्रभावकारी हुनेछन।

(७) होमस्टे विकासका पूर्वाधारहरु बाटो, पानी, विजुली, सोलार बत्ति, सञ्चार जस्ता अति आवश्यकिय वस्तुहरुको विकास गर्नका लागि विभिन्न सरोकारवाला निकायहरुसंग समन्वय गरि कार्य गर्न सकिने छ।

(८) होमस्टे कार्यविधि तयार गरिएता पनि प्रदेश तथा सङ्घीय कानुनसंग बाझिएमा बाझिएको बुँदाहरुमा परिवर्तन गर्ने वा हटाउन सकिनेछ।

(९) सञ्चालन समितिको कोषाध्यक्ष अनिवार्य रहने गरी कम्तीमा दुई जनाको अनिवार्य हस्ताक्षर हुने गरि बैंक खाता खोल्नु पर्नेछ। खाता सञ्चालकहरू मध्ये एक जना महिला अनिवार्य हुनु पर्नेछ।

१९. **संशोधनः** आवश्यकता र औचित्यको आधारमा कार्यपालिकाले यस कार्यविधिमा संशोधन गर्न सक्नेछ।

२०. **बाधा अड्काउ फुकाउनेः** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा परेमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाई कार्यान्वयन गर्न गराउन सक्नेछ।

अनुसूची-१

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

**<u>होमस्टे दर्ताका लागि दिइने निवेदनको ढाँचा</u>**

मितीः २०……/……/…..

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
हेलम्बु गाउँ कार्यापालिकाको कार्यालय
………………, सिन्घुपाल्चोक ।

<u>विषयः होमस्टे दर्ताका गरी पाउँ।</u>

प्रस्तुत विषयमा म/हामीहरुले हेलम्बु गाउँपालिका वडा नं. ……… टोल/गाउँ …………… मा सञ्चालन गर्न लागेको ……………………………………………………………………… लाई हेलम्बु गाउँपालिकाको होमस्टे (घरबास)सञ्चालन कार्यविधि, २०८० बमोजिम निजी/सामुदायिक होमस्टेको रुपमा दर्ता गरी पाउन निवेदन गर्दछु/छौं।

**<u>होमस्टे यूनिटहरु (दर्ता हुने व्यक्तिहरुको विवरण)</u>**

| क्र.स. | सञ्चालकको नाम थर | स्थायी ठेगाना | बाबुको नाम थर | ना.प्र.प्र.नं. | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**संलग्न कागजातः**

१. होमस्टे सञ्चालन गर्ने निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपिहरु एक/एक प्रति।

२. होमस्टे सञ्चालन गर्ने प्रत्येक घरधनीको जग्गा धनी प्रमाण पुर्जा वा पैतृक सम्पत्ती झल्कने प्रमाण वा मञ्जुरीनामा वा भाडामा लिएको भए सो को संझौताको प्रतिलिपि एक प्रति।
३. प्रत्येक घरधनीले होमस्टे सञ्चालन गर्न मञ्जुर गरेको कागजात सहित होमस्टे व्यवस्थापन तथा संचालक समितिको निर्णयको प्रतिलिपी एक प्रति।
४. व्यवस्थापन समिति गठन तथा दर्ता गर्ने सम्बन्धी स्थानीय भेलाको निर्णय एक प्रति।
५. सम्बन्धीत वडाको सिफारिस एक प्रति।
६. आधारभूत प्रशिक्षण, तालिम लिएको भए सोको प्रमाणपत्रको प्रतिलिपि एक प्रति।
७. फोटो दुई/दुई प्रति।
८. अन्य विवरणहरुः

माथि उल्लेखित व्यहोरा ठीक साँचो हो झुट्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

(***नोटः*** सामुदायिक होमस्टेको हकमा होमस्टे व्यवस्थापन तथा सञ्चालन समितिको अध्यक्ष वा अधिकार प्राप्त व्यवस्थापन समितिको सदस्यले निवेदन दिनुपर्नेछ।)

**निवेदकको**

हस्ताक्षरः

नामः

पदः

ठेगानाः

सम्पर्क नं.

अनुसूची-२

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

## होमस्टे सञ्चालनका आधारभूत मापदण्ड

### १. होमस्टेका लागि घर, कोठा र शैयाः

क. सहज पहुँचका लागि बाटोको प्रबन्ध भएको, घरहरु मौलिक संस्कृति झल्किने (जस्तै ह्योल्मोले आफ्नो संस्कृति अनुसार, तामाङले आफ्नो संस्कृति अनुसार, खास आर्यले आफ्नो संस्कृति अनुसार र अन्यले आ-आफ्नो संस्कृति अनुसार) र हावाहुरी, जंगली जनावर आदिबाट सुरक्षित हुनुपर्ने, खुला, हिलो तथा धुलो रहित सफा सुग्घर हुनु पर्नेछ।

ख. होमस्टेमा पाहुनाका लागि कम्तीमा एउटा अलग्गै कोठा हुनु पर्नेछ।

ग. होमस्टे सञ्चालन गर्ने एक घरमा बढीमा ४ कोठा पर्यटकका लागि छुट्याउन सकिनेछ।

घ. एउटा कोठामा बढीमा २ वटा मात्र ओछ्यान रहनुपर्नेछ। ओछ्यान कम्तीमा ६.५ फिट लम्बाई र ३ फिट चौडाईको हुनु पर्नेछ।

ङ. भुईमा कार्पेट वा राडी वा सफा गुन्द्री ओछ्याएको हुनुपर्नेछ।

च. ढोकामा खुट्टा पुछ्ने डोरम्याट भएको हुनुपर्नेछ।

छ. नरम खालको सेतो तन्ना भएको र सेतै खोल भएको ओढ्नेको व्यवस्था हुनुपर्नेछ।

ज. उपयुक्त स्थानमा लुगा झुण्ड्याउने व्यवस्था भएको हुनुपर्नेछ।

झ. कोठामा विजुली बत्ती वा लाल्टिन वा मैनवती वा टुकी पानस बाल्ने व्यवस्था हुनुपर्नेछ साथै एकवटा टर्च राख्न सकिनेछ।

ञ. सुत्ने कोठामा धुवाँ आउने हुनु हुदैन। भान्सा कोठा र भऱ्याङ्ग कोठा पर्यटक सुताउनका लागि प्रयोग हुनु हुदैन।

ट. सुत्ने कोठामा राम्रा दृश्य र स्थानीय संस्कृति झल्कने तस्विरहरु भएमा राम्रो हुनेछ।

ठ. फोहोर फाल्ने एउटा टोकरी (डस्टवीन) को व्यवस्था हुनु पर्नेछ।

ड. प्रत्येक पाहुनाका लागि एकजोर चप्पलको व्यवस्था हुनु पर्नेछ।

ढ. भित्तामा एउटा अर्धकद देखिने ठूलो ऐना तथा एक टावेल समेत झुण्डाएको हुनु पर्नेछ।

ण. सम्भव भएसम्म सुत्ने कोठामा चिया टेवल राख्नु राम्रो हुनेछ।

त. सम्भव भएसम्म सुत्ने कोठामा २ वटा कुर्सी राख्नु राम्रो हुनेछ।

थ. पर्यटकले देख्ने ठाउँमा त्यस होमस्टेका फरक खालका विशेषता र धार्मिक, ऐतिहासिक तथा रमणीय स्थानको बारेमा जानकारी दिने बोर्ड राख्नु राम्रो हुनेछ।

द. पर्यटकले पालना गर्नु पर्ने अनुसूची-६ बमोजिमका आचारसंहिता प्रष्ट देखिने गरी उपयुक्त स्थानमा टाँस्नु पर्नेछ र सो आचारसंहिताको बारेमा पाहुनालाई सुरुमै जानकारी दिनु पर्नेछ।

ध. मेनुमा उल्लेख भए बाहेकका अन्य क्रियाकलाप/सेवामा पर्यटकहरुलाई अतिरिक्त शुल्क तिर्न बाध्य पार्नु हुँदैन।

न. पाहुनाले अतिरिक्त सेवा (खाद्य, सांस्कृतिक कार्यक्रम, वरिपरिको भ्रमण आदि) लिन चाहेमा नियम अनुसारको रकम तिर्नुपर्नेछ ।

**२. शौचालय र स्नान घरः**

क. सुविधायुक्त तथा बाल मैत्री र सफा शौचालय हुनु पर्नेछ।

ख. होमस्टे सञ्चालन गर्ने घर वा समुदायले नुहाउनका लागि सुविधायुक्त र सफा स्नान घरको व्यवस्था मिलाउनु पर्नेछ।

ग. स्नान घरमा पानीको वाल्टी, मग, सावुन, रुमाल आदि आधारभूत वस्तुहरु हुनु पर्नेछ।

घ. पानीको उचित व्यवस्था मिलाउनुपर्नेछ।

ङ. वरिपरिको वातावरण स्वच्छ तथा सफा हुनुपर्नेछ।

**३. भान्छा कोठा र खाना खाने व्यवस्थाः**

क. पाहुना राख्ने घर/कोठामा असर पर्नेगरी गाई भैसी, चौरी अथवा भेडा बाख्रा, सुँगुर, कुखुरा आदि बाध्न वा पाल्न पाइने छैन।

ख. धेरै धुवाँ नहुने भान्सा (उन्नत वा सुधारिएको चुलो) भएको हुनु पर्नेछ। बायोग्याँस वा गोबरग्याँसको उपयोगलाई प्राथमिकता दिनुपर्नेछ।

ग. पानीको सुविधा मिलाउनु पर्ने र खाने पानी फिल्टर गरेर वा उमालेर मात्र दिने गर्नु पर्नेछ।

घ. स्थानीय खानाका परिकारहरुलाई स्वस्थकर ढंगले पकाउने र खुवाउने प्रबन्ध हुनु पर्नेछ।

ङ. सानो तथा मौलिक खालको डाइनिङ्ग टेवलको पनि प्रबन्ध भए राम्रो हुनेछ।

च. खानाको परिकारको सकभर पूर्ण विवरण तथा मूल्य निर्धारण गरिएको (मेनु भएको) हुनु पर्नेछ।

छ. नेपालीहरुलाई राम्रो सँग पलेटी कसेर बसेर खान मिल्नेठाउँ हुनुपर्ने।

ज. खाना खाँदा मौलिक संस्कृति अनुसारको पहिरन समेत लगाएर खाने व्यवस्था मिलाउनु पर्ने।

(***नोटः*** एक पहुनाले प्रयोग गरेको पहिरन धुएर मात्र अन्य पहुनालाई दिने व्यवस्था हुनु पर्ने।)

**४. स्वास्थ्य, सरसफाई तथा सुरक्षाः**

क. बास बस्ने कोठा तथा सुत्ने विस्तारामा किरा, लामखुट्टे आदिवाट सुरक्षित भएको हुनु पर्नेछ। आवश्यकता अनुसार झुल, लामखुट्टे भगाउने धुप प्रयोग गर्नुपर्ने छ।

ख. सामुदायिक रुपमा प्राथमिक उपचारको व्यवस्था हुनु पर्नेछ।

ग. वातावरण मैत्री कृषि, पर्यटन क्रियाकलाप, पर्यटकीय सम्पदाहरुको संरक्षण, सार्वजनिक शौचालयको व्यवस्था, फूलवारी र वृक्षारोपण गरी हरियाली हुनु पर्नेछ।

घ. वरिपरी सकेसम्म खुला नाली र ढलको राम्रो व्यवस्थापन भएको हुनु पर्नेछ।

ङ. समय समयमा होमस्टेको वरिपरी किटाणुनासक औषधिहरु स्वास्थ्य संस्थाहरुसंग समन्वय गरी प्रयोग गर्न सकिने छ।

**५. अन्यः**

क. यथासम्भव अग्नि नियन्त्रणको व्यवस्था हुनुपर्ने।

ख. यथासम्भव एउटै प्रकृतिको रंग प्रयोग गरी सामुदायिक होमस्टेको पहिचान गराउनु पर्नेछ।

ग. समुदायमा बिपद् व्यवस्थापनको आवश्यक सामाग्री तथा पूर्वतयारी गर्नुपर्नेछ।

घ. पुस्तकालय तथा ई-पुस्तकालयको व्यवस्था गर्न सकिएमा अझ प्रभावकारी हुनेछ।

ङ. वरिपरि रमणीय गार्डेन बनाउन सकिएमा अझ राम्रो हुनेछ।

च. घर वरिपरी हरियाली वा गमलामा फुल रोपेर आकर्षक बनाउन सकिएमा अझ राम्रो हुने छ।

छ. पाहुनाहरुको तथ्याङ्क राम्ररी सुरक्षित राख्नुपर्नेछ।

अनुसूची-३
(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हेलम्बु, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

| होमस्टे सञ्चालकको हालसालै खिचेको फोटो वा छाप |
| --- |

**होमस्टे अभिलेख खाता**

दर्ता नं.:

दर्ता मितिः

होमस्टोको नामः ..............................................................................................

ठेगानाः........................................

सञ्चालक/प्रोपाइटरको नामः................................................................. सम्पर्क नं.:.......................................

होमस्टेको प्रकार (निजी/सामुदायिक):............................................सामुदायकि भए सञ्चालक संख्याः...........................

## नवीकरण गरेको विवरणः

| क्र.सं. | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधी | नवीकरण दस्तुर रु./रसिद नं. | नवीकरण गर्ने अधिकारीको दस्तखात र कार्यालयको छाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची - ४

(दफा ५ को उपदफा (३) संग सम्बन्धित)

**प्रमाण-पत्रको ढाँचा**

स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हेलम्बु, सिन्धुपाल्चोक

वागमती प्रदेश, नेपाल

**निजी/समुदायिक होमस्टे दर्ता प्रमाण-पत्र**

दर्ता मितिः २०....../...../....

दर्ता नं. .....

हेलम्बु गाउँपालिका वडा नं ..... , .............. मा स्थापित ...................................... लाई हेलम्बु गाउँपालिकाको होमस्टे (घरबास)सञ्चालन कार्यविधि, २०८० को दफा ५ को उपदफा (३) बमोजिम ............. साल ............ महिना ..... गतेमा दर्ता गरी यो प्रमाण पत्र दिइएको छ।

**दर्ता गर्ने अधिकारीको**

हस्ताक्षरः

नामः

पदः

**शर्तहरुः**

१. व्यवस्थापन तथा सञ्चालन समितिसँग समन्वय गरी पर्यटकहरुलाई बसोबासको व्यवस्था गर्नुपर्नेछ।

२. चलन चल्तीको वा निर्धारित मूल्य भन्दा बढी रकम लिनु हुँदैन।

३. स्थानीय सामाजिक सांस्कृतिक वातावरणलाई असर पर्ने खालका क्रियाकलापहरु गर्नु गराउनु हुँदैन।

४. यो प्रमाणपत्र तथा अनुसूची-६ बमोजिमको आचारसंहिता सबैले देख्ने स्थानमा राख्नुपर्नेछ।

५. व्यवस्थापन तथा सञ्चालन समितिसँग समन्वय गरी प्रत्येक वर्ष प्रतिवेदन बुझाउनु पर्नेछ।

६. हरेक आर्थिक वर्ष समाप्त भएको ३ (तीन) महिना भित्र अनिवार्य नवीकरण गर्नु पर्नेछ।

नवीकरण तालिका

| क्र.सं. | नवीकरण गरेको मिति | नवीकरण बहाल रहाने अवधि | नवीकरण दस्तुर, रसिद नं.. | नवीकरण गर्ने अधिकारीको दस्तखत र कार्यालयको छाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची- ५
(दफा १३ को खण्ड (ठ) संग सम्बन्धित)

## बार्षिक प्रतिवेदनको ढाँचा

### आ.व. ...............को बार्षिक प्रतिवेदन

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
हेलम्बु गाउँ कार्यपालिकाको कार्यालय,
सिन्धुपाल्चोक।

होमस्टेको नामः

ठेगानाः सिन्धुपाल्चोक जिल्ला हेलम्बु गाउँपालिका, वडा नं. ............, टोल .....................

समुदायिक होमस्टे भए आवद्ध संख्याः ....................................

दर्ता प्रमाण पत्र नं. ...................

दर्ता मितिः .....................................

**१. पर्यटक आवागमन संख्या र आय विवरणः**

| क्र.सं. | मिति | पर्यटक संख्या | प्रमुख कृयाकलाप | आएको स्थान/देश | मासिक आय (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |
| ११ | | | | | | |
| १२ | | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| **जम्मा** | | | | | |

(खानपान, बास, दृश्यवालोकन, हाइकिङ, सांस्कृतिक कार्यक्रम, परम्परागत खेलमा सहभागी गराउने, जंगल ट्रेक, इको ट्रेक इत्यादी) ।

२. होमस्टे मार्फत पुऱ्याइएको सेवा सुविधाः

३. प्रचार प्रसार गराएको विवरणः

४. आय/व्यको वार्षिक लेखापरीक्षण भएको विवरण प्रतिवेदन साथ संलग्न गर्नु पर्नेः

**<u>निवेदकको</u>**
नाम थरः
पदः
ठेगानाः
सम्पर्क नं:
इमेलः
वेभसाइटः
मितिः

अनुसूची -६

(दफा ९ को उपदफा (३) खण्ड (ढ) संग सम्बन्धित)

## Code of Conduct for the Visitors (आचार संहिता)

**The home stay visitors are expected to abide the following points:**
**पर्यटकहरुले निम्न लिखित आचार संहिताको पालना गर्नु पर्नेछ :**

1. Do not pressure the owner for food, beverage and facilities not available at home stay. (होमस्टेमा उपलब्ध हुन नसक्ने खाना, पेय पदार्थ र सुविधा बारे सञ्चालकलाई दबाव दिन पाइने छैन)।
2. Do not disturb people at home or outside. (होमस्टे र छिमेकीलाई असर पर्नेगरी होहल्ला गर्न पाइने छैन)।
3. Activities like music, cultural are strictly prohibited after १०:00 P.M. (होमस्टेमा गरिने गतिविधि सांगीतिक, सांस्कृतिक कृयाकलाप बेलुकी १०:०० बजे भन्दा पछि गर्न पाइने छैन)।
4. Do not offer anything to the people beyond one's capacity. (होमस्टे सञ्चालकको क्षमता बाहिरको सेवा सुविधा माग गर्न पाइने छैन)।
5. Beware of doing any behavior (such as sexual activities), which is impermissible to the local socio-cultural values. (सामाजिक मूल्य मान्यता, धर्म संस्कृतिको दृष्टि नपच्ने व्यवहार, गतिविधी, यौनजन्य हिंसा गर्न पाईने छैन)।
6. Respect to the rites and rituals of the local people. Wear such clothes that are permissible to the community. (स्थानीय समुदायको रितिरिवाजलाई सम्मान गर्नु पर्नेछ र समुदायमा सहज हुने कपडाहरु लगाउनु पर्नेछ)।
7. Do not impress the owner or use or other people for doing immoral or illegal activities. Respect to the household routine for entrance and exit. (अनैतिक र गैरकानुनी क्रियाकलाप गर्न समुदायलाई दबाब दिनु हुँदैन)।
8. Supply and use of narcotics or any forms of psychotropic drugs at home or outside is strictly prohibited. (कुनै प्रकारका लठयाउने प्रकारका लागु पदार्थहरु प्रयोग गर्न र विक्रि वितरण तथा ओसार पसार गर्न सख्त मनाही छ)।
9. Respect to the bio-diversity and ecology of the environment. (जैविक विविधता र वातावरणीय परिस्थितिलाई सम्मान गर्नुहोस)।
10. Carrying weapons (e.g., Gun, Explosive materials) are strictly prohibited. (हात हतियार जस्तै बन्दुक, बिस्फोटक पदार्थ बोक्न सख्त मनाही छ)।
11. Home stay visitors compulsorily submit own identity cards. For foreigners, we will rely on valid visa or passport. (होमस्टेमा बस्नेहरुले अनिवार्य रुपमा आफ्नो परिचय खुल्ने

कागजात पेश गर्नु पर्नेछ। विदेशी पाहुनाहरुको हकमा नेपालमा बसाई बाँकी भएको मान्य अवधि हेरि यसका लागि Visa र Passport लाई आधार मानिनेछ।)

**<u>होमस्टे संचालक सदस्यहरुको व्याक्तिगत विवरणः</u>**

| सि.नं. | नाम | ठेगाना | शिक्षा/तालिम | नागरिकता नं. | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |
| ११ | | | | | |
| १२ | | | | | |
| १३ | | | | | |
| १४ | | | | | |
| १५ | | | | | |
| १६ | | | | | |
| १७ | | | | | |
| १८ | | | | | |
| १९ | | | | | |
| २० | | | | | |

**प्रमाणिकरण मिति : २०८०/०३/०१**

**आज्ञाले,**

**विनोद रोका**

**प्रमुख प्रशासकिय अधिकृत**